GHORAHİ CEMENT

# बिक्रम सम्बत् २०८२ पौष १४ गते सोमवार (२९ डिसेम्बर २०२५) का दिन घोराही उपमहानगरपालिका, वडा नं. १५ भरतपुर, स्थित होटल पौवा, दाङमा सम्पन्न भएको

# पाँचौ वार्षिक साधारण सभाको निर्णय पुस्तिका

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको पाँचौ वार्षिक साधारण सभा कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री पुरुषोत्तम लाल संघईज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका प्रस्तावहरु उपर छलफल गरि पारित गर्ने निर्णय गरियो ।

## १. वार्षिक साधारण सभा भएको मिति, समय र स्थानः

मितिः २०८२ साल पौष १४ (तदनुसार २९ डिसेम्बर २०२५) ।

समयः बिहान ९ बजे ।

स्थानः दाङ जिल्ला घोराही उप.म.न.पा वडा नं १५ भरतपुरमा अवस्थित होटल पौवा ।

## २. सभाको सुचना :

यस कम्पनीको मिति २०८२/०८/१२ गते बसेको ६३ औं सञ्चालक समितिको बैठकले निर्णय गरेअनुसार पाँचौ वार्षिक साधारण सभा वस्ने सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ र कम्पनीको स्वीकृत नियमावली बमोजिम प्रथम पटक मिति २०८२/०८/१४ गते आइतवारको नेपाल समाचारपत्र् राष्ट्रिय दैनिक पत्रिका तथा दोस्रो पटक मिति २०८२/०९/०२ गते बुधवारको नेपाल समाचारपत्र् राष्ट्रिय दैनिक पत्रिकामा पाँचौ वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने प्रस्तावहरु समावेश गरी जानकारीको लागि सुचना प्रकाशित गरिएको हो । यसै गरी कम्पनीको आधिकारिक **website www.ghorahicement.com** तथा नेपाल स्टक एक्सचेन्जमा कम्पनीको **Portal** मा समेत राखी शेयरधनी महानुभावहरुलाई पाँचौ वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने प्रस्तावहरुका बारेमा जानकारी गराइएको थियो ।

## ३. सभामा उपस्थिति

३.१ : कम्पनी ऐन २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| क्र.श. | सञ्चालकको नाम, थर | पद |
|---|---|---|
| १ | श्री पुरुषोत्तम लाल संघई | अध्यक्ष |
| २ | श्री त्रिलोक चन्द्र अग्रवाल | सञ्चालक |
| ३ | श्री अंजु संघई | सञ्चालक |
| ४ | श्री विवेक अग्रवाल | सञ्चालक(अनुपस्थित) |
| ५ | श्री आदित्य संघई | प्रबन्ध सञ्चालक |
| ६ | श्री विमल प्रसाद ढकाल | स्वतन्त्र सञ्चालक |
| ७. | श्री मिलन सिग्देल | सर्वसाधारण शेयरधनिको प्रतिनिधित्व सञ्चालक |
| | | |

व्यक्तिगत कारणले सञ्चालक श्री विवेक अग्रवाल सभामा उपस्थित हुन सक्नुभएन ।

३.२ कम्पनीको पदाधिकारीको उपस्थिति :

| क्र.श. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री देवराज बानियाँ | कम्पनी सचिव |
| २ | श्री संजय वंशल | वरिष्ठ कार्यकारी निर्देशक |
| ३ | श्री देवेन्द्र सिन्हा | कार्यकारी निर्देशक |
| ४ | श्री राकेश कुमार मारवाडी | वरिष्ठ प्रबन्धक |

३.३ अन्य आमन्त्रित व्यक्तिको उपस्थित

| | | |
|---|---|---|
| १. | श्री राम प्रसाद भटराई | हिमालयन क्यापिटल लिमिटेडका प्रतिनिधि शेयर रजिष्ट्रार |
| २. | श्री निर्मल गौतम | निर्वाचन अधिकृत |

३.४ शेयरधनीहरुको उपस्थितिः

| क्र.श. | विवरण | संख्या |
|---|---|---|
| १ | स्वयम् उपस्थित हुने संस्थापक शेयरधनीको संख्या | ५ |
| २ | स्वयम् उपस्थित हुने सर्वसाधारण शेयरधनीको संख्या | १० |
| ३ | प्रतिनिधिपत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | ३० |
| | जम्मा | ४५ |

(माथि उल्लेख भए अनुसारको उपस्थिति कम्पनी ऐन २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्याका लागि पर्याप्त छ ।)

## ४. साधारण सभाको गणपुरक संख्या तथा सभाको वैधानिकता :

| विवरण | कुल सख्या | स्वयं उपस्थित | प्रतिनिधि (प्रक्सी) मार्फत | जम्मा उपस्थित शेयर धनीहरुको संख्या | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | | १५ | ३० | ४५ | ७९.७१ |
| जम्मा शेयर संख्या | ४,५६,७६,८५७ | | | ३,६४,०९,६७२ | |

## ५. सभाको वैधानिकता र सभाको सभापतित्व :

मिति २०८२/०८/१२ गते बसेको यस कम्पनीको सञ्चालक समितिको ६३ औं बैठकको निर्णयानुसार कम्पनीको पाँचौ वार्षिक साधारण सभा मिति २०८२ साल पौष १४ गते सोमवार सञ्चालन गर्ने निर्णय भए अनुसार कम्पनी ऐन, २०६३ को दफा ७६ (२) बमोजिम सभा हुने मिति, स्थान र छलफलका विषयहरु समेत उल्लेख गरी कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभा सञ्चालन गर्न गणपुरक संख्या पुग्नको लागि बाँडफाँड भएको कुल शेयरको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना संस्थापक शेयरधनी उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको पाँचौ वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिर जनाउने शेयरधनीको संख्या १५ जना, प्रोक्सी मार्फत ३० जना गरी कुल शेयरधनी ४५ जना कुल शेयर कित्ता ४,५६,७६,८५७ मध्ये शेयर कित्ता ३,६४,०९,६७२ उपस्थित भई ७९.७१ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपुरक संख्या पुगेको र कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम कम्पनीको वार्षिक साधारण सभा कम्पनी रजिष्ट्रारको कार्यालयको अनुमतिले उद्योग रहेको जिल्ला अर्थात दाङमा कम्पनीका अध्यक्ष श्री पुरुषोत्तम लाल संघईको अध्यक्षतामा कम्पनी सचिवले प्रचलित कम्पनी ऐन कानुन अनुसार सञ्चालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

५.१ सभाको अध्यक्षता तथा आशन ग्रहण :

कम्पनी सचिवले यस कम्पनीको वार्षिक साधारण सभामा पाल्नु भएका सम्पुर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्नुभयो । कम्पनीको नियमावलीको नियम १९ बमोजिम सञ्चालक समितिको अध्यक्षले नै वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गर्ने प्रावधान रहेकाले यस कम्पनीको पाँचौ वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गर्नको लागि कम्पनिका अध्यक्ष श्री पुरुषोत्तम लाल संघई ज्युलाई कम्पनी सचिवले अनुरोध गर्नु भयो र आसन ग्रहणका लागि सभाका सभाध्यक्ष, सञ्चालकज्युहरु, विभागीय प्रमुख ज्युहरुलाई मञ्चमा आशन ग्रहण गराउनु भयो ।

साथै उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित अतिथिहरु साथै कम्पनीका कर्मचारीहरुलाई यथास्थानमा आसन ग्रहण गरिदिनुहुन अनुरोध गरी यस सभाध्यक्षको अनुमतिले कम्पनी सचिव देवराज वानिया ज्युले सभा अगाडी बढाउनुभयो ।

५.२. सभा प्रारम्भ, स्वागत मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदन :

सभाको प्रारम्भ राष्ट्रिय गानबाट शुरु गरियो । सभाका अध्यक्षज्यूले दिप प्रज्वलन गरी सभा औंपचारिक रुपमा सभा शुरु भएको घोषणा गर्नु भयो र सभाध्यक्षज्यूले सभामा पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सवैलाई कम्पनीको तर्फबाट स्वागत गर्दै आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुति पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ. व. २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन तथा हालसम्मको संक्षिप्त प्रगति विवरण अध्यक्षले साधारण सभामा आफ्नो स्वागत मन्तव्य राख्नु भयो ।

५.३ छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरुः

कम्पनी सचिवले सभाका सभाध्यक्षको अनुमतीले सभामा छलफल हुने देहायका विषयको जानकारी गराउनु भयो ।

क) सामान्य प्रस्तावहरु :-

१) आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) आ.व. २०८१/०८२ को लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु सहित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम सञ्चालक सम्बद्ध रहेको संस्था संग कम्पनीले गरेको कारोवार विवरणलाई स्विकृत गरी अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

४) कम्पनीको सहज सञ्चालन तथा तरलता व्यवस्थापनको लागि संस्थापक शेयरधनीहरुबाट सापटी रकम माग गर्ने तथा उपभोग गर्ने ।

५) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षक नियुक्ती तथा निजको पारिश्रमीक निर्धारण गर्ने ।

६) संस्थापक शेयरधनीहरु समूह तर्फबाट कायम हुने सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

ख) विशेष प्रस्तावहरु :-

१) सञ्चालक समितिको ६३ औं बैठकले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ सम्म कायम रहेको चुक्ता पुँजीका निम्न लिखित लाभाशं प्रदान गर्ने तथा बोनस शेयर जारी गर्दा हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने बारे ।

बोनस शेयर १०%

नगद लाभाशं (कर प्रयोजनको लागि) ०.५२६३%

२) मिति २०८१/०९/२७ गतेको चौथो वार्षिक साधारण सभाबाट कम्पनीको कायम रहेको चुक्ता पुँजीबाट ७५ प्रतिशत अर्थात प्रति १ शेयर बराबर ०.७५ शेयरका अनुपातले हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरिएको र मिति २०८१/१२/२६ मा धितोपत्र वोर्डमा दर्ता गरी प्रक्रियामा रहेकोमा कम्पनीले पाँचौ वार्षिक साधारण सभाबाट शेयरधनीलाई वितरण गर्ने कर वाहेक १० प्रतिशत बोनस शेयर पश्चात हुन आउने चुक्ता पुँजी रू. ५,०२,४४,५४,२७० (अक्षरेपी रूपैयाँ पाँच अर्व दुई करोड चौवालीस लाख चौहन्न हजार दुई सय सत्तरी मात्र) अनुसार हकप्रद शेयर पुनरावलोकन हुन सक्ने भएको हुँदा बोनस शेयर र हकप्रद शेयर जारी गरे पश्चात हुन आउने जारी तथा चुक्ता पुँजी रु ८,७९,२७,९४,९७२.५० (अक्षरेपी रूपैयाँ आठ अर्व उन्नानअसी करोड सत्ताइस लाख चौरानब्बे हजार नौ सय बहत्तर रुपैया पचास पैसा मात्र) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्ध पत्रको दफा ६ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पुँजी सम्बन्धी व्यवस्था संसोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३) कम्पनीको अधिकृत पुजीँ वृद्धि तथा जारी पूँजी संशोधन गरी सुचिकृत प्रबन्धपत्रको दफा ६ को (क), (ख), (ग) र (घ) संसोधन गर्ने सम्बन्धमा ।

४) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने तथा उल्लेखित परिवर्तन अनुसार नियमनकारी निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन तथा थपघट गर्नु पर्ने निर्देशन प्राप्त भएमा सोको कार्यान्वयन गर्ने हेतु सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा।

५) कम्पनीको हाल कायम रहेको चुक्ता पुँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढीको विभिन्न बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम अनुमोदन गर्ने ।

ग) विविध

## ६. प्रस्तावहरुको प्रस्तुति

अध्यक्षज्युले आफ्नो मन्तव्य राखे पश्चात कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण तथा सभामा छलफल तथा निर्णयको लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु अध्यक्ष ज्युको आज्ञाले कम्पनी सचिवबाट सभा समक्ष प्रस्तुत गरियो ।

## ७. छलफलका लागि आव्हान तथा सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको जवाफ कम्पनीका प्रबन्ध सञ्चालकज्युको जवाफ

उल्लेखित प्रस्तावहरुका विषयमा कुनै जिज्ञासा, राय, सुझाव, टिप्पणी भए मौखिक तथा लिखित जानकारी गराउन शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो । कुनै प्रश्न, राय, सुझाव, टिप्पणी जिज्ञासाको जवाफका लागि सभाका सभाध्यक्षले कम्पनीका प्रबन्ध सञ्चालकलाई जिम्मेवारी दिनुभयो र सभामा कुनै पनि शेयरधनीहरुबाट जिज्ञासा प्राप्त नभए पश्चात सभा कम्पनी सचिवले अगाडी बढाउनु भयो ।

## ८. सभाको निर्णयहरुः

सामान्य प्रस्ताव

प्रस्ताव नं. १ : आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

निर्णय नं. १ : प्रस्ताव नं १ उपर छलफल गर्दा यस कम्पनीको संचालक समितिका तर्फबाट कम्पनीको आर्थिक बर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. २ : आ.व. २०८१/०८२ को लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु सहित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने ।

निर्णय नं. २ : प्रस्ताव नं २ उपर छलफल हुँदा यस कम्पनीका लेखापरीक्षक देवकी विजय एण्ड कं चार्टर्ड एकाउन्टेन्ट्सबाट कम्पनीको आर्थिक बर्ष २०८१/०८२ को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षण प्रतिवेदन सहितको कम्पनीको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण सर्वसम्मतले पारित गरियो ।

प्रस्ताव नं. ३ : कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम सञ्चालक सम्बद्ध रहेको संस्था संग कम्पनीले गरेको कारोवार विवरणलाई स्विकृत गरी अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

निर्णय नं. ३ : प्रस्ताव नं ३ कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम कम्पनीका सञ्चालक, शेयरधनीहरुको वा निजको नजिकका नातेदार वा आधारभुत शेयरधनीको आधारभुत शेयर स्वामित्व भएका अन्य फर्म, कम्पनी वा अन्य संगठित संस्था संगको तल देहायमा उल्लेखित कारोवारलाई वार्षिक साधारण सभा समक्ष अनुमोदन तथा पारितका लागि पेश गर्नुभएकोमा उक्त प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो । आगामी दिनहरुमा समेत आवश्यकता अनुसार कारोवार गर्न सर्वसम्मतीले स्वीकृति दिने निर्णय गरियो ।

१. सम्बद्ध संस्थासंगको अर्थपुर्ण कारोवार सम्बन्धित विवरण :

| कम्पनी तथा फर्मको नाम | कारोवार रकम (विक्री) | कारोवार रकम (खरिद) | कैफियत |
|---|---|---|---|
| रोल्पा चुनढुङ्गा खानी प्रा.लि. | ०.०० | ५४,४२,४२१ | उद्योग सञ्चालनको निम्ति चुनढुङ्गा खरिद । |
| विश्वकर्मा सिमेन्टस प्रा.लि. | ८१,७५४,१२४ | ४,९९,५०० | क्लिङकर विक्री तथा अन्य सामान खरिद । |
| सगरमाथा रेडी मिक्स कन्क्रिट प्रा.लि. | ४,५१,५२,८८७ | ५१,६१,८०१ | सिमेन्ट विक्री र पुजीगत सम्पत्ति खरिद । |
| सगरमाथा प्रिकाष्ट सोलुसन्स प्रा.लि. | २८,०३,१०७ | ७,६४,९५३ | सिमेन्ट विक्री र पुजीगत सामान खरिद । |
| श्री पशुपती सिमेन्टस प्रा.लि. | १,४३,००० | १३,९७,६४९ | क्लिङकर विक्री तथा अन्य कच्चा पदार्थ खरिद |
| त्रिवेणी सिनप्याक्स प्रा.लि. | ०.०० | १४,०६,७८,६७४ | सिमेन्ट प्याकेजिङ गर्ने बोरा खरिद । |
| गोपाल राय पुरुषोत्तम लाल ट्रेडिङ प्रा.लि. | ०.०० | ४९,७८,४६३ | उद्योग संचालनको लागि कोइला खरिद । |
| त्रिवेणी व्यपार कम्पनी प्रा.लि. | ०.०० | ३४,५१३ | विद्युतीय उपकरण तथा अन्य पाटपुर्जा खरिद । |
| त्रिवेणी प्रोपटिज प्रा.लि. | ०.०० | ५,५२,२१६ | भाडा खरिद । |
| द भिलेज प्रा.लि. | ०.०० | २०,८१,९७३ | प्रशासनिक सेवा खरिद । |
| पुजा कन्स्ट्रक्सन नेपाल प्रा.लि. | ०.०० | १४,१३,३१३ | मेसिनरी तथा उपकरणहरुको पार्टपुर्जा खरिद । |
| शिव स्वरुप खनिज उद्योग प्रा.लि. | ०.०० | १,००,८९,४०० | उद्योग सञ्चालनको निम्ति चुनढुङ्गा खरिद । |
| मनकामना माइन्स एण्ड मिनरल्स प्रा.लि. | १,७७,५४८ | ०.०० | मेसिनरी तथा उपकरणहरुको पार्टपुर्जा विकी । |

प्रस्ताव नं ४ :- कम्पनीको सहज सञ्चालन तथा तरलता व्यवस्थापनको लागि संस्थापक शेयरधनीहरुबाट सापटी रकम माग गर्ने तथा उपभोग गर्ने ।

निर्णय नं. ४ : प्रस्ताव नं ४ उपर छलफल गर्दा यस कम्पनीको सहज सञ्चालन तथा तरलता व्यवस्थापनको लागि संस्थापक शेयरधनीहरुबाट आवश्यक रकम सापटी माग गरी उपभोग गर्ने निर्णय वार्षिक साधारण सभावाट पारित गरियो ।

प्रस्ताव नं. ५:- कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षक नियुक्ती तथा निजको पारिश्रमीक निर्धारण गर्ने ।

निर्णय नं. ५ : प्रस्ताव नं ५ उपर छलफल गर्दा यस कम्पनीको चालु आर्थिक बर्ष २०८२/०८३ को लेखापरिक्षण गर्नको लागि लेखा समितिले पेश गर्नु भएका लेखा परिक्षक मध्ये श्री देवकी विजय एण्ड क. चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक बाह्य भत्ता र यातायात खर्च बाहेक रु. १०,००,०००।- (दस लाख मात्र) (भ्याट बाहेक) निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

प्रस्ताव नं. ६: संस्थापक शेयरधनीहरु समूह तर्फबाट कायम हुने सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

निर्णय नं. ६ : प्रस्ताव नं ६ उपर छलफल हुँदा कम्पनी ऐन २०६३ को दफा ७ बमोजिम तथा नियमावलीको नियम २७ अनुसार यस कम्पनीको संस्थापक शेयरधनी तर्फको सञ्चालक समितिको कार्यकाल अवधि २०८२/१०/२५ गते सकिने हुदा वार्षिका साधारण सभाबाट नियुक्त गर्ने प्रावधान रहेको हुँदा निर्वाचन अधिकृत श्री दुर्ग बहादुर राई र अख्तियार प्राप्त व्यक्ति अधिवक्ता निर्मल गौतम ज्युबाट आवश्यक प्रक्रिया पुरा गरी तपसिल अनुसार निर्विरोध सञ्चालकहरु ४ वर्ष कार्यकालको लागि निर्वाचित भएको निर्णय सर्वसम्मतिले पारित गरियो ।

| क्र.स | निर्विरोध नियुक्त सञ्चालकको नाम |
|---|---|
| १. | श्री पुरुषोत्तम लाल संघई |
| २. | श्री त्रिलोक चन्द्र अग्रवाल |
| ३. | श्री अंजु संघई |
| ४. | श्री विवेक अग्रवाल |
| ५. | श्री आदित्य संघई |
| | |

ख) विशेष प्रस्ताव :

प्रस्ताव नं.१ सञ्चालक समितिको ६३ औं बैठकले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ सम्म कायम रहेको चुक्ता पुँजीका निम्न लिखित लाभाशं प्रदान गर्ने तथा बोनस शेयर जारी गर्दा हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने बारे ।

बोनस शेयर १०%

नगद लाभाशं (कर प्रयोजनको लागि) ०.५२६३%

निर्णय नंः १ : प्रस्ताव नं १ उपर छलफल हुदा यस कम्पनीको मिति २०८२/०८/१२ गते विहान ११:००बजे बसेको संचालक समितिको ६३ औं बैठकले कम्पनिको आ.व.०८१/०८२ सम्मको संचित मुनाफाबाट शेयरधनिहरुलाई हाल कायम रहेको चुक्ता पुँजि ४,५६,७६,८५,७००/- (अक्षरेपी रु चार अर्व छपन्न करोड छयत्तर लाख पचासी हजार सात सय मात्र) को १०(दस) प्रतिशतका दरले लाभांश बापत बोनस शेयर र ०.५२६३% कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने प्रस्तावलाई अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

२) मिति २०८१/०९/२७ गतेको चौथो वार्षिक साधारण सभाबाट कम्पनीको कायम रहेको चुक्ता पुँजीबाट ७५ प्रतिशत अर्थात प्रति १ शेयर बराबर ०.७५ शेयरका अनुपातले हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरिएको र मिति २०८१/१२/२६ मा धितोपत्र वोर्डमा दर्ता गरी प्रक्रियामा रहेकोमा कम्पनीले पाचौ वार्षिक साधारण सभाबाट शेयरधनीलाई वितरण गर्ने कर वाहेक १० प्रतिशत बोनस शेयर पश्चात हुन आउने चुक्ता पुँजी रू. ५,०२,४४,५४,२७० (अक्षरेपी रूपैयाँ पाँच अर्व दुई करोड चौवालीस लाख चौवन्न हजार दुई सय सत्तरी मात्र) अनुसार हकप्रद शेयर पुनरावलोकन हुन सक्ने भएको हुँदा बोनस शेयर र हकप्रद शेयर जारी गरे पश्चात हुन आउने जारी तथा चुक्ता पुँजी रु ८,७९,२७,९४,९७२.५० (अक्षरेपी रूपैयाँ आठ अर्व उन्नानअसी करोड सत्ताइस लाख चौरानब्बे हजार नौ सय बहत्तर रुपैया पचास पैसा मात्र) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्ध पत्रको दफा ६ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पुँजी सम्बन्धी व्यवस्था संसोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

निर्णय नंः २ : प्रस्ताव नं २ उपर छलफल हुँदा मिति २०८१/०९/२७ गतेको चौथो वार्षिक साधारण सभाबाट कम्पनीको कायम रहेको चुक्ता पुँजीबाट ७५ प्रतिशत अर्थात प्रति १ शेयर बराबर ०.७५ शेयरका अनुपातले हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरिएको र मिति २०८१/१२/२६ मा धितोपत्र वोर्डमा दर्ता गरी प्रक्रियामा रहेकोमा कम्पनीले पाचौ वार्षिक साधारण सभाबाट शेयरधनीलाई वितरण गर्ने कर वाहेक १० प्रतिशत बोनस शेयर पश्चात हुन आउने चुक्ता पुँजी रू. ५,०२,४४,५४,२७० (अक्षरेपी रूपैयाँ पाँच अर्व दुई करोड चौवालीस लाख चौहन्न हजार दुई सय सत्तरी मात्र) अनुसार हकप्रद शेयर पुनरावलोकन हुन सक्ने भएको हुँदा बोनस शेयर र हकप्रद शेयर जारी गरे पश्चात हुन आउने जारी तथा चुक्ता पुँजी रु ८,७९,२७,९४,९७२.५० (अक्षरेपी रूपैयाँ आठ अर्व उन्नानअसी करोड सत्ताइस लाख चौरानब्बे हजार नौ सय बहत्तर रुपैया पचास पैसा मात्र) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ को (ख),(ग) र (घ) संसोधन गर्ने निर्णय पारित गरियो । उक्त निर्णय नेपाल धितोपत्र वोर्ड लगायतका आवश्यक निकायहरु सँग समेत स्वीकृतिका लागि पेश गर्ने सम्पुर्ण अधिकार सञ्चालक समितिलाई दिने साथै हकप्रद शेयर जारी गरे पश्चात हुन आउने खडित शेयरलाई पछि आउने हकप्रद शेयरमा समायोजन गर्ने तथा हकप्रद शेयर जारी गरेपछि जम्मा हुन आउने रकम कम्पनीको तरलता व्यवस्थापन, संस्थापक शेयरधनी सापटी तथा बैंक ऋण भुक्तानी गर्ने निर्णय पारित गरियो ।

३) कम्पनीको अधिकृत पुजीँ वृद्धि तथा जारी पूँजी संशोधन गरी सुचिकृत प्रबन्धपत्रको दफा ६ को (क), (ख), (ग) र (घ) संसोधन गर्ने सम्बन्धमा ।

निर्णय नंः ३ : प्रस्ताव नं ३ उपर छलफल हुदा विशेष प्रस्ताव नं. १, २ पारित भए पश्चात् हालको पुँजी अपुग हुने भएको हुँदा हाल रहेको अधिकृत पुँजी रु ८,००,००,००,००० ।- (अक्षरेपी रु आठ अर्व मात्र) र जारी पुँजी रु ७,९९,३४,४९,९७५ ।- ( अक्षरेपी रु सात अर्व उनान्सय करोड चौतिस लाख उनन्पचास हजार नौ सय पचहत्तर रुपैया मात्र) मा यस साधारण सभाले पारित गरेको बोनस शेयर तथा पुनरावलोकन भएको हकप्रद शेयर पश्चात हुन आउने तपसिल बमोजिमको अधिकृत, जारी र चुक्ता पुँजी वृद्धि गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशिल

कम्पनीको अधिकृत र जारी पुँजी वृद्धि गरी कम्पनीको प्रबन्धपत्रको दफा ६ (क) (ख) मा निम्न बमोजिम संशोधन गर्ने :

प्रबन्धपत्रको दफा ६ (क) मा

क. कम्पनीको अधिकृत पुँजी रु १०,००,००,००,००० ।- (अक्षरेपी दस अर्व मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको १०,००,००,००० ।- (अक्षरेपी दस करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।

प्रबन्धपत्रको दफा ६ (ख) मा

ख. कम्पनीको जारी पुँजी रु ८,७९,२७,९४,९७२.५० ।- (अक्षरेपी रु आठ अर्व उनासी करोड सत्ताइस लाख चौरानब्बे हजार नौ सय बहत्तर रुपैया पचास पैसा मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ८,७९,२७,९४९.७२ ।- (आठ करोड उनासी लाख सत्ताइस हजार नौ सय उनन्पचास दशमलव सात पाच मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।

प्रबन्धपत्रको दफा ६ (ग) मा

ग. कम्पनीको चुक्ता पुँजी रु ७,०३,४२,३५,९७८ ।- ( अक्षरेपी रु.सात अर्व तिन करोड बयालिस लाख पैत्तिस हजार नौ सय अठहत्तर रुपैया मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको` ७,०३,४२,३५९.७८ ।- (अक्षरेपी सात करोड तिन लाख बयालिस हजार तिन सय उनन्साठी दशमलव सात आठ मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।

प्रबन्धपत्रको दफा ६ (घ) मा

घ. कम्पनीको जारी पुँजीको २० प्रतिशतले हुन आउने रकम रु १,७५,८५,५८,९९४.५० ।- (अक्षरेपी रु एक अर्व पचहत्तर करोड पचासी लाख अन्ठाउन्न हजार नौ सय चौरानब्बे रुपैया पचास पैसा मात्र) बराबरको प्रतिशेयर रु १०० (एक सय) दरका १,७५,८५,५८९.९४ ।- ( अक्षरेपी एक करोड पचहत्तर लाख पचासी हजार पाच सय उनानब्बे दशमलव नौ चार मात्र) थान शेयर सर्वसाधारण शेयरमा विभाजन हुनेछ ।

| साविकको व्यवस्था | संशोधन भई कायम हुने व्यवसथा | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| प्रबन्धपत्रको दफा ६ (क) मा<br>क.कम्पनीको अधिकृत पुँजी रु ८,००,००,००,००० ।- (अक्षरेपी आठ अर्व ) हुनेछ र सो र कमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ८,००,००,०००।-(अक्षरेपी आठ करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | प्रबन्धपत्रको दफा ६ (क) मा<br>क.कम्पनीको अधिकृत पुँजी रु १०,००,००,००,००० ।- (अक्षरेपी दश अर्व मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको १०,००,००,०००.।- (अक्षरेपी दश करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | बोनस शेयर तथा हकप्रद शेयर जारी गर्ने भएकाले । |
| प्रबन्धपत्रको दफा ६ (ख) मा<br>ख.कम्पनीको जारी पुँजी रु ७,९९,३४,४९,९७५ ।- ( अक्षरेपी रु सात अर्व उनान्सय करोड चौतिस लाख उनन्पचास हजार नौ सय पचहत्तर रुपैया मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ७,९९,३४,४९९.७५ ।- (सात करोड उनान्सय लाख चौतिस हजार चार सय उनान्सय दशमलव सात पाच मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | प्रबन्धपत्रको दफा ६ (ख) मा<br>ख.कम्पनीको जारी पुँजी रु ८,७९,२७,९४,९७२.५० ।- (अक्षरेपी रु आठ अर्व उनासी करोड सत्ताइस लाख चौरानब्बे हजार नौ सय बहत्तर रुपैया पचास पैसा मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ८,७९,२७,९४९.७२ ।- (आठ करोड उनासी लाख सत्ताइस हजार नौ सय उनन्पचास दशमलव दुइ मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | बोनस शेयर तथा हकप्रद शेयर जारी गर्ने भएकाले । |
| प्रबन्धपत्रको दफा ६ (ग) मा<br>ग.कम्पनीको चुक्ता पुँजी रु ६,३९,४७,६०,०५० ।- ( अक्षरेपी रु छ अर्व उनन्चालिस करोड सत्तचालिस लाख साठी हजार पचास रुपैया मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ६,३९,४७,६००.५० ।- ( अक्षरेपी छ करोड उनन्चालिस लाख सत्तचालिस हजार छ सय दशमलव पाच मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | प्रबन्धपत्रको दफा ६ (ग) मा<br>ग.कम्पनीको चुक्ता पुँजी रु ७,०३,४२,३५,९७८ ।- (अक्षरेपी रु.सात अर्व तिन करोड बयालिस लाख पैत्तिस हजार नौ सय अठहत्तर रुपैया मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ७,०३,४२,३५९.७८ ।- (अक्षरेपी सात करोड तिन लाख बयालिस हजार तिन सय उनन्साठी दशमलव सात आठ मात्र) कित्ता साधारण शेयर मा विभाजन गरिनेछ । | बोनस शेयर तथा हकप्रद शेयर जारी गर्ने भएकाले । |
| प्रबन्धपत्रको दफा ६ (घ) मा<br>घ.कम्पनीको जारी पुँजी रु १,५९,८६,८९,९२५ ।- (अक्षरेपी रु एक अर्व उनान्साठी करोड छयासी लाख उनानब्बे हजार नौ सय पच्चिस रुपैया मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको १,५९,८६,८९९.२५ ।- (एक करोड उनान्साठी लाख छयासी हजार आठ सय उनान्सय दशमलव दुइ पाच मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | प्रबन्धपत्रको दफा ६ (घ) मा<br>घ.कम्पनीको जारी पुँजीको २० प्रतिशतले हुन आउने रकम रु १,७५,८५,५८,९९४.५० ।- ( अक्षरेपी रु एक अर्व पचहत्तर करोड पचासी लाख अन्ठाउन्न हजार नौ सय चौरानब्बे रुपैया पचास पैसा मात्र) बराबरको प्रतिशेयर रु १०० (एक सय) दरका १,७५,८५,५८९.९४ ( अक्षरेपी एक करोड पचहत्तर लाख पचासी हजार पाच सय उनानब्बे दशमलव नौ चार मात्र) थान शेयर सर्वसाधारण शेयरमा विभाजन हुनेछ । | बोनस शेयर तथा हकप्रद शेयर जारी गर्ने भएकाले । |

४) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने तथा उल्लेखित परिवर्तन अनुसार नियमनकारी निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन तथा थपघट गर्नु पर्ने निर्देशन प्राप्त भएमा सो को कार्यान्वयन गर्ने हेतु सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

निर्णय नंः ४ः प्रस्ताव नं ४ उपर छलफल हुदा यस कम्पनीले वृद्धि गरेको अधिकृत पुँजी र जारी पुँजी साथै प्रस्तावित बोनस तथा हकप्रद शेयर शेयरधनीहरुलाई जारी भए पश्चात पुँजी संरचनामा परिवर्तन हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफाहरु संशोधन गर्नुपर्ने विषय वार्षिक साधारण सभा समक्ष पेश गरी उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो । अतः विशेष प्रस्ताव पारित पश्चात कम्पनीको प्रबन्ध पत्रको दफा तथा नियमावलीको नियम संशोधन तथा थपघट गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय आजको वार्षिक साधारण सभाबाट पारित गर्ने निर्णय गरियो ।

५) कम्पनीको हाल कायम रहेको चुक्ता पुँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढीको विभिन्न बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम अनुमोदन गर्ने ।

निर्णय नंः ५ः प्रस्ताव नं ५ उपर छलफल हुदा यस कम्पनीको हाल कायम रहेको चुक्ता पुँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढी यस कम्पनीले विभिन्न बैंकहरु तथा वित्तिय संस्थाबाट चुक्ता पुँजी भन्दा बढी ऋण लिएकोमा उक्त ऋण रकम अनुमोदन गर्न सर्वसम्मतिले पारित गरियो ।

## ९. विविध :

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकाले पाँचौ वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउन अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

## १०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

यस कम्पनीको प्रस्तुत साधारणसभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरि सभा बस्ने मिति, समय, स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार एवं सूचना प्रवाह गरे बमोजिम सभा स्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका संचालकहरु तथा विभिन्न निकायका प्रतिनिधिहरु उपस्थित भई साधारण सभामा छलफल गर्ने विषय सुची अनुसार छलफल गरी प्रस्ताव पारित भएकोले सभाका अध्यक्ष ज्युबाट सभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नु भएकोमा धन्यवाद व्यक्त गर्नु भयो । साथै यस साधारण सभा व्यवस्थित रुपमा सफलता पुर्वक संचालन गरी सम्पन्न गर्न भुमिका खेल्नुहुने कम्पनीका संचालकहरु, कम्पनीका परियोजना प्रमुख, कम्पनी सचिव, सम्पूर्ण कर्मचारी, शेयर रजिष्ट्रार, निर्वाचन अधिकृत, नेपाल प्रहरी तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सवैलाई धन्यवाद दिदै पाँचौ वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

पुरुषोत्तम लाल संघई
अध्यक्ष

देवराज बानियाँ
कम्पनी सचिव

## घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड

को

संशोधित प्रबन्धपत्र तथा नियमावली

प्रबन्धपत्रको दफा ६ (क), (ख), (ग), र (घ) मा भएको संशोधित तिनमहले विवरण

| साविकको व्यवस्था | संशोधन भई कायम हुने व्यवसथा | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| प्रबन्धपत्रको दफा ६ (क) मा<br>क. कम्पनीको अधिकृत पुँजी रु ८,००,००,००,००० ।- (अक्षरेपी आठ अर्व मात्र ) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ८,००,००,००० ।- (अक्षरेपी आठ करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | प्रबन्धपत्रको दफा ६ (क) मा<br>क.कम्पनीको अधिकृत पुँजी रु १०,००,००,००,००० ।- (अक्षरेपी दश अर्व मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको १०,००,००,००० ।- (अक्षरेपी दश करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | बोनस तथा हकप्रद शेयर निष्काशन । |
| प्रबन्धपत्रको दफा ६ (ख) मा<br>ख.कम्पनीको जारी पुँजी रु ७,९९,३४,४९,९७५ ।- (अक्षरेपी रु सात अर्व उनान्सय करोड चौतिस लाख उनन्पचास हजार नौ सय पचहत्तर रुपैया मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ७,९९,३४,४९९.७५ ।- (सात करोड उनान्सय लाख चौतिस हजार चार सय उनान्सय दशमलव सात पाच मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | प्रबन्धपत्रको दफा ६ (ख) मा<br>ख.कम्पनीको जारी पुँजी रु ८,७९,२७,९४,९७२.५० ।- (अक्षरेपी रु आठ अर्व उनासी करोड सत्ताइस लाख चौरानब्बे हजार नौ सय बहत्तर रुपैया पचास पैसा मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ८,७९,२७,९४९.७२ ।- (आठ करोड उनासी लाख सत्ताइस हजार नौ सय उनन्पचास दशमलव सात दुइ मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | बोनस तथा हकप्रद शेयर निष्काशन । |
| प्रबन्धपत्रको दफा ६ (ग) मा<br>ग.कम्पनीको चुक्ता पुँजी रु ६,३९,४७,६०,०५० ।- (अक्षरेपी रु छ अर्व उनन्चालिस करोड सत्तचालिस लाख साठी हजार पचास रुपैया मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ६,३९,४७,६००.५० ।- (अक्षरेपी छ करोड उनन्चालिस लाख सत्तचालिस हजार छ सय दशमलव पाच मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | प्रबन्धपत्रको दफा ६ (ग) मा<br>ग.कम्पनीको चुक्ता पुँजी रु ७,०३,४२,३५,९७८ ।- (अक्षरेपी रु.सात अर्व तिन करोड बयालिस लाख पैत्तिस हजार नौ सय अठहत्तर रुपैया मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ७,०३,४२,३५९.७८ ।- (अक्षरेपी सात करोड तिन लाख बयालिस हजार तिन सय उनन्साठी दशमलव सात आठ मात्र) कित्ता साधारण शेयर मा विभाजन गरिनेछ । | बोनस तथा हकप्रद शेयर निष्काशन । |
| प्रबन्धपत्रको दफा ६ (घ) मा<br>घ.कम्पनीको जारी पुँजी रु १,५९,८६,८९,९२५ ।- (अक्षरेपी रु एक अर्व उनान्साठी करोड छयासी लाख उनानब्बे हजार नौ सय पच्चिस रुपैया मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको १,५९,८६,८९९.२५ ।- (एक करोड उनान्साठी लाख छयासी हजार आठ सय उनान्सय दशमलव दुइ पाच मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | प्रबन्धपत्रको दफा ६ (घ) मा<br>घ.कम्पनीको जारी पुँजीको २० प्रतिशतले हुन आउने रकम रु १,७५,८५,५८,९९४.५० ।- ( अक्षरेपी रु एक अर्व पचहत्तर करोड पचासी लाख अन्ठाउन्न हजार नौ सय चौरानब्बे रुपैया पचास पैसा मात्र) बराबरको प्रतिशेयर रु १०० (एक सय) दरका १,७५,८५,५८९.९४ ।- ( अक्षरेपी एक करोड पचहत्तर लाख पचासी हजार पाच सय उनानब्बे दशमलव नौ चार मात्र) थान शेयर सर्वसाधारण शेयरमा विभाजन हुनेछ । | |

## घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड

को

संशोधित प्रबन्धपत्र

प्रबन्धपत्रको दफा ६ (क), (ख), (ग) र (घ) मा भएको संशोधन

क. कम्पनीको अधिकृत पुँजी रु १०,००,००,००,००० ।- (अक्षरेपी दश अर्व मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको १०,००,००,००० ।- (अक्षरेपी दश करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।

ख. कम्पनीको जारी पुँजी रु ८,७९,२७,९४,९७२.५० ।- ( अक्षरेपी रु आठ अर्व उनासी करोड सत्ताइस लाख चौरानब्बे हजार नौ सय बहत्तर रुपैया पचास पैसा मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ८,७९,२७,९४९.७२ ।- ( आठ करोड उनासी लाख सत्ताइस हजार नौ सय उनन्पचास दशमलव सात दुइ मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।

ग. कम्पनीको चुक्ता पुँजी रु ७,०३,४२,३५,९७८ ।- ( अक्षरेपी रु.सात अर्व तिन करोड बयालिस लाख पैत्तिस हजार नौ सय अठहत्तर रुपैया मात्र) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको` ७,०३,४२,३५९.७८ ।- (अक्षरेपी सात करोड तिन लाख बयालिस हजार तिन सय उनन्साठी दशमलव सात आठ मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।

घ. कम्पनीको जारी पुँजीको २० प्रतिशतले हुन आउने रकम रु १,७५,८५,५८,९९४.५० ।- (अक्षरेपी रु एक अर्व पचहत्तर करोड पचासी लाख अन्ठाउन्न हजार नौ सय चौरानब्बे रुपैया पचास पैसा मात्र) बराबरको प्रतिशेयर रु १०० (एक सय) दरका १,७५,८५,५८९.९४ ।- (अक्षरेपी एक करोड पचहत्तर लाख पचासी हजार पाच सय उनानब्बे दशमलव नौ चार मात्र) थान शेयर सर्वसाधारण शेयरमा विभाजन हुनेछ ।